# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## आठबीस नगरपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## आठबीस नगरपालिका
## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## आठबीस नगरपालिका

## दैलेख

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
अनामनगर, काठमाडौँ, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ८४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,
आठविस नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियत सहितको राय**

हामीले आठविस नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.१४ करोड ९१ लाख ३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ८२ लाख ३० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७ करोड ५२ लाख ५६ हजार, नियमित गर्नुपर्ने रु.६ करोड २२ लाख ६७ हजार र पेश्की रु.३३ लाख ५० हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.३२ करोड १४ लाख ७६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४७ करोड ५ लाख ७९ हजार रहेको छ। नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# आठविस  नगरपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५३ | ३२३ | १४९१०३ | ० | ० | ० | ५३ | ३२३ | १४९१०३ | ८२३० | ६२२६७ | ७५२५६ | ० | ० | १३७५२३ | ३३५० |

### 1.2 प्रतिक्रियाबाट फस्यौट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| आठविस नगरपालिका दैलेख | ३२१४७६ | ० | ० | ३२१४७६ | ० | १४९१०३ | ४७०५७९ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : आठविस नगरपालिका, दैलेख , आठाबिस नगरपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गोकर्णनाथ योगी | २०७७-७-२४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | lok bahadur budha | २०७९-५-२९ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १४९,१०२,७१९.८३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २३,६१,३६,५४७.२७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०,४६,४५,५६१ | **चालु खर्च** | ३६,००,६५,९६५ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,३४,६८,८९२ | **पूँजीगत खर्च** | २४,२७,००,६४३ |
| **राजश्व बाँडफाँट** | ८,९९,३६,३७६.३६ | **वित्तीय/अन्य व्यवस्था** | १८,१०,५७,८६४.८३ |
| **आन्तरिक आय** | २२,९३,५४३.६२ | | |
| **अन्य आय** | ६,०७,११,३३५.०२ | | |
| **कुल आय** | ७१,१०,५५,७०८ | **कुल खर्च** | ७८,३८,२४,४७२.८३ |
| **बाँकी मौज्दात** | | १६,३३,६७,७८२.४४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आठविस नगरपालिकाको कार्यालयको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु आठविस नगरपालिकाको उद्देश्य रहेको छ । यस आठविस नगरपालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १६८वर्ग किलोमिटर क्षेत्रफल तथा २९ हजार २२७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, लिखित प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **वित्तीय विवरण विश्लेषणः**<br><br>**वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | यसवर्षरु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैलेगरेकोप्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ५६,५७,३९,०७५.३७ | ५६,८८,९२,३७३.१७ | | ५६,८८,९२,३७३.१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५०,१८,९१,६२६.५५ | ५१,२३,९०,५६६.१७ | ०.०० | ५१,२३,९०,५६६.१७ | |
| | | | ११०००कर | ९,१८,८८,७४५.७१ | ११,०६,६३,९५१.२५ | ०.०० | ११,०६,६३,९५१.२५ | |
| | | | १३०००अनुदान | ४०,६४,०३,०००.०० | ४०,०१,६०,१४६.०० | ०.०० | ४०,०१,६०,१४६.०० | |
| | | | संघीय सरकार | ३६,८५,४१,०००.०० | ३६,७८,४१,०००.०० | ०.०० | ३६,७८,४१,०००.०० | |
| | | | प्रदेशसरकार | ३,७८,६२,०००.०० | ३,२३,१९,१४६.०० | ०.०० | ३,२३,१९,१४६.०० | |
| | | | १४०००अन्यराजस्व | ३५,९९,८८०.८४ | १५,६६,४६८.९२ | ०.०० | १५,६६,४६८.९२ | |
| | | | ख. अन्यप्राप्ति | ६,३८,४७,४४८.८२ | ५,६५,०१,८०७.०० | | ५,६५,०१,८०७.०० | |
| | | | वितरणग र्नबाकी राजस्व | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | कोषहरु | ६,३८,४७,४४८.८२ | ५,५८,८०,२२२.०० | ०.०० | ५,५८,८०,२२२.०० | |
| | | | धरौटी | ०.०० | ६,२१,५८५.०० | ०.०० | ६,२१,५८५.०० | |
| | | | संघीय, प्रदेशसरकारवाअन्यकार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | भुक्तानी (ग+घ) | ७६,४४,९१,३०४.८२ | ६४,२२,७७,१३८.०० | | ६४,२२,७७,१३८.०० | |
| | | | ग. भुक्तानी (सञ्चितकोषबाट) | ७०,०६,४३,८५६.०० | ६०,२७,६६,६०८.०० | | ६०,२७,६६,६०८.०० | |
| | | | २१०००पारिश्रमिक / सुविधा | १५,६५,००,०११.०० | १४,३७,६४,१७१.०० | ०.०० | १४,३७,६४,१७१.०० | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २२०००मालसामान तथा सेवाको उपयोग | १३,४८,०८,९८४.०० | १२,४४,९९,६९३.०० | ०.०० | १२,४४,९९,६९३.०० | |
| | | | २५०००सहायता (Subsidy) | ६,४३,०४,९००.०० | ६,३३,४५,४२४.०० | ०.०० | ६,३३,४५,४२४.०० | |
| | | | २६०००अनुदान | १३,३२,०००.०० | ९,३२,०००.०० | ०.०० | ९,३२,०००.०० | |
| | | | २७०००सामाजिकसुरक्षा | ४,३९,०५,९१९.०० | २,२९,९८,४७७.०० | ०.०० | २,२९,९८,४७७.०० | |
| | | | २८०००अन्यखर्च | ४६,७४,०००.०० | ४५,२६,२००.०० | ०.०० | ४५,२६,२००.०० | |
| | | | ३१०००गैरवित्तीयसम्पत्ती / पूँजीगतखर्च | २९,५१,१८,०४२.०० | २४,२७,००,६४३.०० | ०.०० | २४,२७,००,६४३.०० | |
| | | | घ. अन्यभूक्तानी | ६,३८,४७,४४८.८२ | ३,९५,१०,५३०.०० | | ३,९५,१०,५३०.०० | |
| | | | कोषहरु | ६,३८,४७,४४८.८२ | ३,९०,२२,८२५.०० | ०.०० | ३,९०,२२,८२५.०० | |
| | | | धरौटी | ०.०० | १०,१४,८४०.०० | ०.०० | १०,१४,८४०.०० | |
| | | | संघीय, प्रदेशसरकारवाअन्यकार्यक्रम | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| | | | कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी | | (५,२७,१३५.००) | | (५,२७,१३५.००) | |
| | | | ङ. योवर्षको बचत (न्युन) | (१९,८७,५२,२२९.४५) | (७,३३,८४,७६४.८३) | | (७,३३,८४,७६४.८३) | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २३,६१,३६,५४७.२७ | | २३,६१,३६,५४७.२७ | |
| | | | वर्षान्तको बाकीरकम (ङ + च) | (१९,८७,५२,२२९.४५) | १६,२७,५१,७८२.४४ | | १६,२७,५१,७८२.४४ | |
| | | | बैंकतथा नगद बाकी | | १६,३३,६७,७८२.४ | | १६,३३,६७,७८२. | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बिषय | | | | |
|---|---|---|---|---|
| | | ४ | | ४४ |

**कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३१४०१०१२३ | ११९७७०९४४ | ११८६०९९४३ | ११८६०९९४३ |
| ३३६००१०२३ | ४६४००० | ४४१४९१ | ४४१४९१ |
| ३७०००११६४ | २१५६०००० | १७७५३१२७ | १७७५३१२७ |
| जम्मा रु | १४१७९४९४४ | १३६८०४५६१ | १३६८०४५६१ |

**प्रदेश लेखा ईकाई कार्यालय बाट निकासा प्राप्त**

| बजेट उपशिर्षक | वार्षिक बजेट | निकासा | खर्च |
|---|---|---|---|
| ३०१००१०२३ | १०५००० | १०५००० | १०५००० |
| ३०१००१०२४ | २८९९९००० | २१०२९७४६ | २१०१३५५४ |
| जम्मा रु | २९१०४००० | २११३४७४६ | २१११८५५४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.१ | | | **सञ्चित कोषमा स्थानान्तरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि आन्तरिक राजस्व खाता रु.५९,७४,१०४।-, बाँडफाँटबाट प्राप्त राजस्व रु. २,४५,६८,९०७.१९।-, आन्तरिक अनुदान खाता रु.१,९७,०८,९६८।-, चालु खर्च खाता रु.२,७९,३७,१७५।-, पूँजीगत खर्च खाता रु. १०,०१,५६०।- समेत गरी रु. ७,९१,९०,७१४।१९ मौज्दात राखेको पाईयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२ | | | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा रु. २५,१९,६५,३०९।- मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. २३,६१,३६,५४७।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १,५८,२८,७६२।- घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु. | १५,८२८,७६२ |
| ३.३ | | | **बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार श्रेस्तामा भन्दा बैंकमा रु. १,१४,०७७।- घटि रकम देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्ने रु. | ११४,०७७ |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरिक राजस्व खाता | २२९३५४४ | ५९७४१०४ | ३६८०५६० |
| २ | आन्तरिक अनुदान खाता | ० | १९७०८९६८ | १९७०८९६८ |
| ३ | चालु खर्च खाता | १६२१५२४१ | २७९३७१७५ | ११७२१९३४ |
| ४ | पूँजीगत खर्च खाता | ४०५६१३४१ | १००१५६० | (३९५५९७८१) |
| ५ | विविध खर्च खाता | ६१६००० | २७९३७१७५ | २७३२११७५ |
| ६ | स्थानीय तह धरौटी खाता | ९७८३५४ | २४९९५१६ | १५२११६२ |
| ७ | स्थानीय तह संचित कोष | २४५१७३६४.१८ | ९२६८.८६ | (२४५०८०९५) |
| | | जम्मा | | (११४०७७) |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.४ | | | **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११,८६,०९,९४३।-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. १,७७,५३,१२७।-, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४,४१,४९१।-, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु. १,०५,०००।-, मुख्यमन्त्री रोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रमको रु. २,०९,९९,४५४।- समेत गरी रु. १५,७९,०९,०१५।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४ | | | **अनुदान फिर्ताः**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची २१) अनुसार २०७९ असार मसान्तमा अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९।५।२८ मा रु. ३ करोड ६५ लाख फिर्ता गरेको पाइएको । समयमै अनुदान फिर्ता गर्नुपर्दछ । | |
| ५ | | | **सवारीसाधन खरिदः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. ५ लाख ७२ हजार बजेटबाट खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ । | |
| ६ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ६.१ | | | **कानून र सञ्चालन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ३ वटा नियमावली, ३६ कार्यविधि लगायत ८२ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले ८२ वटा कानूनहरु निर्माण गरी सभा तथा कार्यपालिकाबाट स्वीकृत गरेतापनि ३२ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | **न्यायीक समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतबर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७ विवाद दर्ता भएकोमा कुनै पनि विवाद फस्र्यौट नभई सबै बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । न्यायिक समिति गठन गरिएकोमा सोको कार्यजिम्मेवारीमा यथासक्य चाँडो ध्यान जानुपर्दछ । | |
| ७ | | | **गत वर्षको दायित्वः**<br>पालिकाले योजना छनौट गर्दा आवश्यकता एवं औचित्यताको आधारमा छनौट गर्नुपर्दछ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, बाट काम गर्न बाँकी रहेको योजनालाई भुक्तानी दिन बाँकी योजना भनी बजेट विनियोजन गरी रु. १० करोड ३ लाख २३ हजार १३५ भुक्तानी गरेको देखिएको छ । आर्थिक वर्ष २०७७।७८ मा सशर्त अनुदान तथा अन्तरसरकारी अख्तियारी बाट सम्पन्न गर्नु पर्ने योजनाहरू सो समयमा सम्पन्न नगरी फिर्ता भएर गर्नु पर्ने रकम लाई समेतलाई फिर्ता नगरी यो वर्ष समेत ति योजनाहरुमा खर्च गरेको देखिएको छ । | |
| ८ | | | **बजेट तथा कार्यक्रमः** | |
| ८.१ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष रु. ९५ लाख बजेट अबण्डामा राखेको छ । योजनाको लागत यकिन गरेर बजेट निर्माण गर्नु पर्नेमा बजेट अनुसारको योजना बनाई रु. ७९ लाख खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ८.२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८.३</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२२१४००००</td><td>२२१४००००</td><td>३.७१</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>९११११२५१३</td><td>७३४२३२०७</td><td>१२.३</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>४२५७७६९८८</td><td>३६५७४६३७६</td><td>६१.३१</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>१३००००००</td><td>१२९५४८२९</td><td>२.१७</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>२४४९५०००</td><td>२१७३०२९१</td><td>३.६४</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१०५१७३१२९</td><td>१००५६७५५५</td><td>१६.८५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६८१६९७६३०</td><td>५९६५६२२५८</td><td>१००</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये रकम रु. ६८ करोड १६ लाख ९७ हजार मा सबैभन्दा बढी सामाजिक विकास मा ६१.३१ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा कम २.१७ प्रतिशत खर्च भएको देखियो ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.४ | | | **त्रैमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र स | वजेट उपसिर्षक | कुल खर्च | प्रथम | दोस्रो | तेस्रो | चौथो | आषाढ महिना |
|---|---|---|---|---|---|---|---|
| १ | चालु | ३६००६५९६५ | ६५०००००० | ७९०००००० | ११२०००००० | १०४०६५९६५ | ५०००००००० |
| २ | पुँजीगत | २४२७००६४३ | ५२०००००० | १२६०००००० | ४२०००००० | ६४७००६४३ | ६००००००० |
| | जम्मा खर्च | ६०२७६६६०८ | ११७०००००० | २०५०००००० | १५४०००००० | १६८७६६६०८ | ११०००००००० |
| जम्मा खर्चको तुलनामाः | | | १७ | ३३ | २३ | २७ | १८.२४ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ६० करोड २७ लाख ६६ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ११ करोड ७० लाख अर्थात १७ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. २० करोड ५० लाख अर्थात ३३ प्रतिशत, तेश्रो त्रैमासिकमा रु. १५ करोड ४० लाख अर्थात २३ प्रतिशत, चौथो त्रैमासिकमा रु. १६ करोड ८७ लाख ६६ हजार अर्थात २७ प्रतिशत खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु. ११ करोड अर्थात १८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.५ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाका उपाध्यक्ष श्री दिपा बोहराले मिति २०७८।३।१० गते रु. ५६ करोड ८८ लाख ९२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८.६ | | | **खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु. २२ लाख ९३ हजार ५०० राजस्व बाँडफाँट र अनुदानबाट रु. ९ करोड ६ लाख ९४ हजार समेत रु. ९ करोड २९ लाख ८७ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३६ करोड ६५ हजार र पूँजिगत तर्फ रु २४ करोड २७ लाख समेत रु. ६० करोड २७ लाख ६५ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३८० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १ करोड ७० लाख ५ हजार खर्च भएको छ जुन आन्तरिक आयको प्रति ७४१.४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६० प्रतिशत चालु र ४० प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| ८.७ | | | **बजेट सीमा निर्धारण समिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **धरौटी फिर्ताः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२)क मा विल विजकको भुक्तानीमा कट्टि गरिएको रिटेन्सन मनि वापतको ५ प्रतिशतले हुने रकम धरौटी फिर्ता गर्दा कर कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न उल्लिखित फर्म तथा कन्स्ट्रक्सनको धरौटी फिर्ता गर्दा सम्बन्धित फर्मको मुल्य अभिबृद्धी कर समायोजन पत्र संलग्न नगरी धरौटी फिर्ता गरेको देखिएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु. | ७२७,१५५ |

| भौ नं। मिति | फर्मको नाम | रकम |
|---|---|---|
| २२।२०७९।३।२४ | सिप्रदी ट्रेडिङ प्रा लि | ३२९००० |
| १८।२०७९।२।२६ | सलिना कन्स्ट्रक्सन प्रा लि | ७५००० |
| १६।२०७९।१।११ | गोलोवल विल्डर्स एण्ड इन्जिनियरिङ कन्सल्टेन्सी | १५९८२० |
| १६।२०७९।१।११ | युनिक बंगुर तथा कृषि फर्म | १०६००० |
| ४।२०७८।८।१५ | एभरेष्ट कम्प्युटर्स ट्रेड एण्ड सप्लायर्स | ५७३३५ |
| जम्मा रु | | ७२७१५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **सेवाप्रवाहको स्थितिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, ३ वटा नियमावली र ३६ वटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २५०१ |
| मृत्युदर्ता | २७९ |
| बसाईसराई दर्ता | १०८ |
| विवाह दर्ता | ३१२ |
| सम्बन्धविच्छेद दर्ता | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | २१ कि मि |
| ग्राभेल सडक मर्मत | १२ कि मि |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पुर्वाधार निर्माणको लक्ष्य सहित प्रगति हासिल गर्नुपर्नेमा पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । वस्ति विकासको कामलाई व्यवस्थित गर्न घर नक्सा पासलाई प्राथमिकता दिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २० लाख खर्च गरेको छ । विविध खर्च सम्बन्धि सीमा निर्धारण गरी मापदण्ड बनाएर खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन । तर पालिकाले आर्थिक सहायता सम्बन्धी कार्यविधि निर्माण गरी बढीमा रु १५००० सम्म आर्थिक सहायत उपलब्ध गराउने उल्लेख भएता पनि कार्यविधि पालना नगरेरै यस वर्ष रु. ४५ लाख आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्नानुसार छन्:<br>:<br>**वितरण दरः** पालिकाले विपद तथा प्रकोप व्यवस्थापन कोष सञ्चालनका लागि कार्यविधि तयार गरेको छ । कार्यविधिले आर्थिक सहायता वापत बढीमा रु. १५ हजार सम्म दिन मिल्ने उल्लेख गरेको छ । निम्न उल्लिखित व्यक्तिहरुलाई सहायता प्रदान गर्दा कार्यविधिको पूर्ण पालना भएको नदेखिएकोले व्ययभार बढ्न गएको रु. | ३९३,५०० |

| भौ नं / मिति | व्यक्तिको नामथर | कार्यविधि अनुसार रु | भुक्तानी रकम रु | कैफियत |
|---|---|---|---|---|
| ८/ २०७९।३।२५ | विशाल वि क | १५००० | १०३५०० | घाइते उपचार |
| ३/२०७८।५।२९ | पुना कामी | १५००० | २०००० | घर भत्किएको |
| ४/२०७८।५।२९ | सर्जने जैसी | १५००० | ३५००० | घर आगलागी |
| १५/२०७८।९।१८ | गोकुल कठायत | १५००० | २५००० | घर आगलागी |
| १७/२०७८।१०।१६ | नमराज शाही | १५००० | २५००० | वर्षाका कारण घर क्षति |
| १९/२०७८।१०।२३ | माता विष्ट | १५००० | ३०००० | क्यान्सरको उपचार |
| २२/२०७८।१२।१ | देउकला वि क | १५००० | ३०००० | घर भत्किएको |
| २३/२०७९।२।२६ | धौरा दमाई | १५००० | २५००० | हावाहरीले घर क्षति |
| २४/२०७८।१०।१७ | विनोद बहादुर कठायत | १५००० | २५००० | घर आगलागी |
| ७/२०७९।३।२४ | हरि कामी | १५००० | ५०००० | राहत स्वरुप |
| ७/२०७९।३।२४ | मोतिकला वि क | १५००० | २५००० | राहत स्वरुप |
| जम्मा रकम रु | | | ३९३५०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **महोत्सव तथा अन्य खर्चः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिँदैन । तर पालिकाले यस वर्ष कुल सडक नाटक, देउडा जस्ता उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. ७ लाख १५ हजार खर्च गरेको छ । अनुत्पादक खर्चमा नियन्त्रण गरी खर्चको प्रभावकारी असर देखिनेगरी लगानी गर्नुपर्दछ । | |
| १४ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १४.१ | | | **सम्पत्ति व्यवस्थापन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार पालिकाले सम्पत्तिको व्यवस्थित अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी गरेको पाईएन हस्तान्तरण भई आएको र खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १४.२ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख.मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको तथा अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४.३ | | | **जिन्सि दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । निम्न उल्लेखित वडाहरुले पालिकाको जिन्सी खाता बमोजिमका जिन्सी सामानहरु दाखीला नभएको र जिन्सी निरिक्षण प्रतिवेदनमा पनि उल्लेख नभएको हुँदा कार्यालय प्रमुख तथा जिन्सी शाखा प्रमुखलाई जिम्मेवार बनाई जिन्सी खातामा दाखिला गरी प्रमाणपेश गर्नुपर्ने अन्यथा जिन्सी शाखा प्रमुख तथा कार्यालय प्रमुखबाट असूल गर्नुपर्ने रु. | २१८,९४१ |

| भौ नं / मिति | विवरण | थान | दर रु | जम्मा रकम रु |
|---|---|---|---|---|
| १२७।२०७९।३।१४ | झोला | १० | २००० | २०००० |
| | नेपाली कागज | १६६० | १२ | १९९२० |
| | फोटोकपि पेपर | ४० | ५०० | २०००० |
| १३८।२०७९।३।२१ | पोषण कर्नर र्याक | ९ | १२५०० | ११९५०० |
| ३८१।२०७८।१२।२४ | कुर्सी | १८ | ५७५ | १०३५० |
| | टेवुल | १८ | १३८ | २४८४ |
| | दराज | १ | ६६३७ | ६६३७ |
| | स्टुल | ५ | ४५० | २२५० |
| | फिल्टर | १ | १८०० | १८०० |
| | स्टील दराज | १ | ८००० | ८००० |
| | प्लाष्टिक कुर्सी | ४ | २००० | ८००० |
| जम्मा रु | | | | २१८९४१ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४.४</td><td></td><td></td><td>मोबाईल फिर्ता: पालिकाले खरिद गरेको खर्च भएर नजाने जिन्सी सामग्री कार्यालयमा फिर्ता गर्नु पर्दछ । पालिकाका निम्नानुसारको सामान पदाधिकार सकिएपछि फिर्ता गर्नुपर्नेमा सो गरेको नदेखिएकोले कार्यालय प्रमुखलाई जिम्मेवार बनाई सम्बन्धित पदाधिकारीबाट असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>क्र.सं.</th><th>पदाधिकारीको नाम</th><th>पद</th><th>सामानको विवरण</th><th>मुल्य</th></tr>
<tr><td>१</td><td>खड्गराज उपाध्याय</td><td>अध्यक्ष</td><td>Oppo A37 mobile</td><td>३५९९०</td></tr>
<tr><td>२</td><td>दिपा बोहोरा</td><td>उपाध्यक्ष</td><td>Huawei 47 prime mobile</td><td>२२९९६</td></tr>
<tr><td>३</td><td>गोकर्णनाथ योगि</td><td>प्रमुख प्रशासकिय अधिकृत</td><td>Oppo A52 mobile</td><td>३२०००</td></tr>
<tr><td>४</td><td>दिल बहादुर शाही</td><td>प्रमुख प्रशासकिय अधिकृत</td><td>Redmi note 10 pro</td><td>३८४२०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१२९४०६</td></tr>
</table>
</td><td>१२९,४०६</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापनः</td><td></td></tr>
<tr><td>१५.१</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा ४७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३२ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५.२</td><td></td><td></td><td>तलवी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ७ ख (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु. १,४७,२६,०००।- तलब खर्च लेखेको पाईयो । तलवी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तलवी प्रतिवेदन पास गरेर मात्र तलब खर्च लेखिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५.३ | | | **कर्मचारी करार–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न १० पदमा २२ जना कर्मचारीहरु करारमा राखि रु. ७३ लाख ९१ हजार खर्च लेखेको नियमसम्मत मान्न नसकिने रु. | ७,३९१,००० |
| १५.४ | | | **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई कार्यपालिकाको निर्णय बमोजिम आर्थिक वर्ष ०७८।७९ को लागि विभिन्न कर्मचारीलाई प्रोत्साहन भत्ता खर्च तथा प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | ३,६९१,०३५ |
| १५.५ | | | **कल्याण कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कोषमा रु ५ लाख जम्मा गरेकोमा रु. ५० हजार खर्च गरेको छ । सो संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कर्मचारीबाट कट्टागरी त्यति नै मात्रामा थप गर्न पर्नेमा सो नगरी एकमुस्ट जम्मा गरेको रकम स्थानीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु. | ५००,००० |
| १६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (७८) वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।<br>:<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१७) बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन ।<br>· कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (१३) वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ को दफा (३) अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाईएन ।<br>· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको हुँदा सार्वजनिक सेवा प्रवाह र आर्थिक प्रशासन कमजोर भई कार्य प्रभावकारीतामा असर पर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १७ | | | **पेश्की बाँकीः** | |
| १७.१ | | | **म्याद नभएको पेश्की** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) बमोजिम पेश्की फर्स्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) | ३,३४९,९२७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले तोकिएको म्यादभित्र पेश्की फर्स्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १०% का दरले ब्याज लगाई समेत असुल गरिने भन्ने उल्लेख छ । प्राप्त विवरण अनुसार रू. ३३,४९,९२७।- पेश्की फर्स्यौट नभई बाँकी रहेकाले नियमानुसार असुल फर्स्यौट हुनुपर्ने रू. | |

| पेश्की लिनेको नाम | प्रयोजन | पेश्की रकम |
|---|---|---|
| शेर बहादुर सिजापति | अन्य सामाजिक सहायता | २००००० |
| प्रेम बहादुर खड्का | विविध खर्च | ५००० |
| लाल बहादुर खत्री | बिमा तथा नविकरण खर्च | १५०००० |
| गोकुले महत्तरा | सवारी साधन मर्मत खर्च | १०००० |
| नवयुवा बहुउद्देश्यीय कृषि तथा पशुपन्छी कृषक समुह | नगरप्रमुख रोजगार कार्यक्रम | २३१००० |
| बालविकास भवन निर्माण उकालीमोड | बालविकास भवन निर्माण | ८६४०० |
| दिलिप प्रसाद जैसी | मनोसामाजिक परामर्श सेवा क्षमता विकास | ४०००० |
| राउटे लोपोन्मुख वर्ग उत्थान प्रतिष्ठान नेपाल | सिप विकास तथा जनचेतना तालिम गोष्ठी | ६६००० |
| रमेश कुमार थापा | रोग किरा सम्बन्धी तालिम | ८०००० |
| स्वास्थ्य चौकी राकमकर्णाली | स्वास्थ्य संस्थामा फार्मेसी संचालन | ४००००० |
| तिलेपाटा स्वास्थ्य चौकी | व्यवस्थापन अनुदान | १६०००० |
| तिलेपाटा स्वास्थ्य चौकी | बर्थिङ सेन्टर तर्कु व्यवस्थापन | १००००० |
| स्वास्थ्य चौकी सात्ताला | पोषण क्षेत्र कार्यक्रम संचालन | ५०००० |
| स्वास्थ्य चौकी सिगौंडी | पोषण क्षेत्र कार्यक्रम संचालन | ५०००० |
| नेपाल रे.सो.आठबीस उपशाखा | ब्लड युनिट केन्द्र स्थापना | १५०००० |
| तिलेपाटा स्वास्थ्य चौकी | खानेपानी तथा सरसफाई साझेदारी | २७७४३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| पिपलकोट स्वास्थ्य चौकी | खानेपानी तथा सरसफाई साझेदारी | २३१२१९ |
| स्वास्थ्य चौकी राकमकर्णाली | खानेपानी तथा सरसफाई साझेदारी | २२५२९४ |
| स्वास्थ्य चौकी सात्तला | खानेपानी तथा सरसफाई साझेदारी | ९४१५८ |
| स्वास्थ्य चौकी सिंगौडी | खानेपानी तथा सरसफाई साझेदारी | २४३४२६ |
| स्वास्थ्य चौकी राकमकर्णाली | अस्पताल व्यवस्थापन खर्च | ५००००० |
| **जम्मा रकम रु** | | ३३४९९२७ |

१७.२

**म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार रु. १,०८,००,०००।- पेश्की दिएको छ । उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्योट गर्नुपर्दछ ।

| पेश्कीकोविवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद ननाघेको |
|---|---|---|
| १५ शैया अस्पताल | वल्डवाईड मंगलदिप जे भि | १०८००००० |
| जम्मा रु | | १०८०००० |

१८ | २,१८०,७६०

**करार कर्मचारीलाई भत्ता भुक्तानीः**

करारमा कार्यरत कर्मचारीहरुलाई कुनै पनि किसिमका भत्ता भुक्तानी दिन पाउने व्यवस्था छैन । पालिकाले निम्न कर्मचारीहरुलाई वर्षभरी स्थानीय भत्ता र महंगी भत्ता भुक्तानी गरेकोले सो रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| सि नं | नाम | पद | स्थानीय भत्ता | महंगी भत्ता | वार्षिक भुक्तानी |
|---|---|---|---|---|---|
| १ | दिनेश खनाल | हे अ | ५५१० | २००० | ९०१२० |
| २ | प्रेम बहादुर थापा | हे अ | ५५१० | २००० | ९०१२० |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३ | रोशनी हमाल | स्टाफ नर्स | ५५१० | २००० | ९०१२० | | |
| | | | | ४ | रोशन नेपाल | कृषि प्राविधिक | ५५१० | २००० | ९०१२० | | |
| | | | | ५ | विपिन ज्ञवाली | कृषि प्राविधिक | ५५१० | २००० | ९०१२० | | |
| | | | | ६ | निर्मला न्यौपाने | पशु प्राविधिक | ५५१० | २००० | ९०१२० | | |
| | | | | ७ | डेकेन्द्र विश्वकर्मा | पशु प्राविधिक | ५५१० | २००० | ९०१२० | | |
| | | | | ८ | अमोद पन्थ | सहायक पाँचौ | ५५१० | २००० | ९०१२० | | |
| | | | | ९ | दिपेश खनाल | पशु प्राविधिक | ५५१० | २००० | ९०१२० | | |
| | | | | १० | हंश बहादुर शाही | पशु प्राविधिक | ५५१० | २००० | ९०१२० | | |
| | | | | ११ | सुमित कुमार दास | इन्जिनियर | ८८०० | २००० | १३८००० | | |
| | | | | १२ | बिमल कुमार थापा | सव इन्जिनियर | ५५१० | २००० | ९०१२० | | |
| | | | | १३ | जीवराज कार्की | सव इन्जिनियर | ५५१० | २००० | ९०१२० | | |
| | | | | १४ | बखत रावत | सव इन्जिनियर | ५५१० | २००० | ९०१२० | | |
| | | | | १५ | भद्र बहादुर शाही | अ स इ | ४६०० | २००० | ७९२०० | | |
| | | | | १६ | महेन्द्र बहादुर शाही | अ स इ | ४६०० | २००० | ७९२०० | | |
| ४४.२ | | | **भ्रमण खर्च:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(८) मा १५ किलोमिटर दुरी भन्दा टाढाको भ्रमण गरेका कर्मचारीले मात्र भ्रमण खर्च पाउने उल्लेख छ । पालिकाका निम्नानुसार कर्मचारीले भ्रमणमा जाने मिति तथा स्थान समेत नखुलाई भ्रमण खर्च वापत रु. ३७,२००।- भुक्तानी गरेकोले सम्बन्धित बाट असुल गर्नुपर्ने रु. | ३७,२०० |
| ४५ | | | **जिविकोपार्जन सुधार कार्यक्रम:** १३७-२०७९।३।२१ पालिकाले महिला विकास शाखाको कर्मचारी सहायक महिला विकास निरिक्षक श्री बन्दना लम्सालले जिविकोपार्जन सुधार कार्यक्रम संचालन गरी पेश्की फछ्यौंट गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् | |
| ४५.१ | | | **प्रशिक्षण भत्ता:** नेपाल सरकार अर्थ मन्त्रालयको कार्य सञ्चालिन निर्देशिका, २०७७ मा तालिम केन्द्र बाहेक अन्य निकायद्वारा सञ्चालित सबै प्रकारका तालिममा स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिक नगरपालिका स्तरका लागि अधिकृत स्तरीय तालिममा कार्यपत्र वापतको रकम रु. १,०००।- तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु. ४०० तथा सहायक स्तरीय तालिममा कार्यपत्र वापतको प्रति कक्षा रकम रु. ७०० तथा कक्षा सञ्चालन वापतको प्रति कक्षा रकम रु. ६०० का दरले दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले राष्ट्रपति महिला उत्थान जिविकोपार्जन कार्यक्रम सन्चालन सम्बन्धी ५ दिने बाख्रा पालन तालिम संचालन गर्दा १२ वटा कक्षा संचालन गरेको देखिएकोमा २५ वटा कक्षा संचालन गरेको भनि प्रति कक्षा रु. १,५००।- को दरले रु. ३७,५००।- भुक्तानी गरेको देखिएकोले १३ वटा कक्षाको प्रति कक्षा रु. १,५००।- को बढी भुक्तानी गरेको रु. १९,५००।- असुल गर्नुपर्ने रु. | १९,५०० |

(४४.२ अन्तर्गतको तालिका)

| क्र.सं. | नाम | पद | भ्रमणको उदेश्य | भुक्तानी |
|---|---|---|---|---|
| १ | रोशन कुमार नेपाल | प्राविधिक सहायक | तथ्याङ्क संकलन | ९१०० |
| २ | कुशल कुमार थापा | पशु स्वास्थ्य प्राविधिक | तथ्याङ्क संकलन | ९१०० |
| ३ | रमेश कुमार थापा | प्राविधिक सहायक | तथ्याङ्क संकलन | ९५०० |
| ४ | विपिन झावली | प्राविधिक सहायक | तथ्याङ्क संकलन | ९५०० |
| | जम्मा रु | | | ३७२०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५.२</td><td></td><td></td><td>कर्मचारी बैठक भत्ताः कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ को बुंदान २.३ को ग अनुसार एउटै निकाय र अन्तरगतका पदाधिकारी र कर्मचारी वस्ने वैठक मा भत्ता प्रदान गर्न नपाइने उल्लेख छ । पालिकाले राष्ट्रपति महिला उत्थान जिविकोपार्जन कार्यक्रमको बैठक बसेको भनि प्रमुख प्रशासकीय अधिकृत श्री दिल बहादुर शाही तथा महिला विकास शाखाको कर्मचारी सहायक महिला विकास निरीक्षक श्री बन्दना लम्साल समेत ८ जनालाई जनहि रु. १,५००।- का दरले जम्मा रु. १२,०००।- भुक्तानी गरेको देखिएकोले कर कट्टी पछिको रु. १०,२००।- सम्बन्धित कर्मचारीहरुबाट असुल गर्नुपर्ने रु.</td><td>१०,२००</td></tr>
<tr><td>४५.३</td><td></td><td></td><td>पदाधिकारी बैठक भत्ताः कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १० मा स्थानीय तहका पदाधिकारी र सदस्यहरुलाई बैठक भत्ता वापत ऐनको अनुसुची २ बमोजिम बैठकभत्ता वापत प्रति महिना बढीमा ३ वटा मात्र बैठकको प्रति वैठक रु.१,५००।- बैठक भत्ता दिने तथा सोहि ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ । पालिकाका पदाधिकारीले पे रोल मार्फत ३ वटा बैठकको बैठक भत्ता बुझिसकेको अवस्थामा समेत निम्नानुसार बैठक भत्ता बुझेको देखिएकोले दोहोरो बैठक भत्ता असुल गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>नाम</th><th>पद</th><th>बैठक भत्ता</th><th>कर कट्टिपछि असुल गर्नु पर्ने रकम</th></tr>
<tr><td>१</td><td>तर्क बहादुर बडुवाल</td><td>नगर प्रमुख</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td>२</td><td>कल्पना थापा</td><td>उप प्रमुख</td><td>१५००</td><td>१२७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>३०००</td><td>२५५०</td></tr>
</table></td><td>२,५५०</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>दुग्ध चिस्यान केन्द्र निर्माणः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले दुग्ध चिस्यान केन्द्र निर्माण गर्न रु. ३० लाख ब्यहोर्ने गरे रु. ३५ लाखको लागत अनुमान तयार गरी बसुन्धरा कृषि सहकारी संस्था लिमिटेडबाट काम गरेको भनी गत आर्थिक वर्षमा रु. १० लाख र यस आर्थिक वर्षमा रु. २० लाख भुक्तानी गरेकोमा सो चिस्यान केन्द्र हाल सम्म संचालनमा आएको देखिएको छैन । दुग्ध चिस्यानका लागि आवश्यक पर्ने विभिन्न मेशिनरी तथा उपकरणहरु खरिद गरी थन्किएको अवस्थामा सो उपकरणहरू विग्रने समेत सम्भावना देखिएकोले उक्त चिस्यान केन्द्र संचालन गरी सो को प्रमाण प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>२,०००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ४ मा वि. सं. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मिएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु. १,०००।- र त्यसपछि मासिक रु. ५०० का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यमिक तहसम्मको अध्ययन पूरा नगरेमा वा अध्ययन विचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलब्ध नगराउने समेत उल्लेख भएबाट पालिकाले रकम बैंकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनु जरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र बनाउनु पर्नेमा पालिकामा ४३९ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रु. २८ लाख ४७ हजार रकम पठाएको हुँदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |
| ४८ | | | **सामाजिक सुरक्षाः** | |
| ४८.१ | | | **विवरण पेश तथा समिक्षाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३१ बमोजिम स्थानिय तहले भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण नगरसभामा पेश गर्नुपर्ने र सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा र खर्चको समिक्षा गर्नुपर्नेमा पालिकाले सो गरेको देखिएन । | |
| ४८.२ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नुपर्दछ । | |
| ४८.३ | | | **निकासा फिर्ता**: सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले बैंकिङ सुविधा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण नगरी प्रथम चौमासिकमा रु. २,८६,७२,६२७।- वितरण गरेको देखियो । बैंकिङ प्रणालीलाई प्रभावकारी रुपमा लागू गर्नुपर्दछ । साथै सामाजिक सुरक्षा भत्ता वितरण नभई तेस्रो र चौथो किस्ताको रकम रु. १३,०३,२०६।- विविध खर्च खातामा जम्मा गरेकोले सञ्चित कोष खातामा जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,३०३,२०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.४ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले मूल अभिलेख किताब अद्यावधिक गरेको देखिएन । | |
| ४८.५ | | | पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझि लिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |
| ४९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक तथा बेरोजगारको सूचिमा समावेशलाई प्राथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ३७५ जनालाई रोजगारी उपलव्ध गराई रु. करोड ५१ लाख ३५ हजार २ सय २ रुपैयाँ खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ५० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।<br>यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्<br>:<br>**बढी व्ययभारः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री दरभाउ तथा ज्याला निर्धारण गर्दा तोकिएको दररेटको आधारमा निर्धारण गर्नुपर्ने उल्लेख छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रमिकको ज्यालादर दैनिक प्रतिव्यक्ती रु.५७७ हुने गरी निर्धारण गरेकोमा लेखापरीक्षणको क्रममा छनौट गरीएका निम्नानुसारका योजनामा ज्यालादर दैनिक प्रतिव्यक्ती रु.६६० राखी लागत अनुमान तयार गरी अयोजना लागतलाई रु. ५७७ ले भाग गरी आउने संख्या अनुसारको डोर हाजिरी तयार गरी निम्नानुसारको भुक्तानी गरेकोले बढी आर्थिक व्ययभार परेको रु. | १,४४१,२८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्र.सं. | योजनाको नाम | हुनु पर्ने भुक्तानी | भएको भुक्तानी | फरक |
|---|---|---|---|---|
| १ | डाडिबाज खोला पहिरो नियन्त्रण तथा गोरेटो बाटो निर्माण | ७५०१०० | ६५५७६९ | ९४३३१ |
| २ | बाजकाडा देखि डुडा खोल सम्म सडक निर्माण | ७४५१९६ | ६५१४८२ | ९३७१४ |
| ३ | नारायण मा वि बेरुपाटा फिल्ड निर्माण | ९१४०१८ | ७९९०७३ | ११४९४५ |
| ४ | रातमाटे डाडा सडक निर्माण | ९२२२३७ | ८०६२५९ | ११५९७८ |
| ५ | बुढाखोला पाडेपानी सडक निर्माण | ९२३२०० | ८०७१०१ | ११६०९९ |
| ६ | हुलाक डाडा देखि गाड सम्म सडक निर्माण | ७५६६१८ | ६६१४६८ | ९५१५० |
| ७ | गोर्चि सम्म गोरेटो बाटो | ८६२९७३ | ७५४४४८ | १०८५२५ |
| ८ | डाब देखि निसानाकाध गोरेटो निर्माण | ३९३६३४ | ३४४१३२ | ४९५०२ |
| ९ | हुलाक डाडा देखि जनता प्रा वि सम्म सडक निर्माण | ४०३९००० | ३५३१०६५ | ५०७९३५ |
| १० | बाजकाडा देखि छडि खोल सम्म सडक निर्माण | ४०२१०१ | ३५१५३४ | ५०५६७ |
| ११ | पैया रुख देखि गरेुपानी सम्म बाटो | ३७९८४९ | ३३२०८० | ४७७६९ |
| १२ | ताप्सी खोला देखि पाडिगाडा बाटो | ३७१८८४ | ३२५११७ | ४६७६७ |
| | जम्मा | ११४६०८१० | १००१९५२६ | १४४१२८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **मुख्यमन्त्री रोजगार कार्यक्रमः**<br>पालिकाले मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगतका योजनाहरु संचालन गर्दा लाग्ने औजार खरिद गरी कामदारलाई वितरण गरेको अवस्थामा समेत ज्याल भुक्तानी गर्दासमेत औजार खरिदको रकम जोडी भुक्तानी गरेको देखिएकोले उक्त रकम असुल गर्नुपर्ने देखिएको रु. | ३०१,०३९ |

| **क्र.सं.** | **योजनाको नाम** | **भुक्तानी** |
|---|---|---|
| १ | भैलतडी सानाखेत देखि रोल सम्म सडक | ३८४१३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | नाकेडाडा देखि तल्ली घाट सिचाई कुलो निर्माण | ७४२२ | | |
| | | | | ३ | दिप मा वि सुगरखाल गोरेटो | १८२४९ | | |
| | | | | ४ | सुकिपिपल खानेपानी योजना वडा नं. १ | ७४७० | | |
| | | | | ५ | भैरव मा वि फिल्ड निर्माण | २७९२ | | |
| | | | | ६ | सडक निर्माण तथा मर्मत | २०७०६ | | |
| | | | | ७ | दमाख चिउरी मोटरबाटो निर्माण | २७३१३ | | |
| | | | | ८ | परिबडा जल उत्पन्न प्रकोप नियन्त्रण | ४८५० | | |
| | | | | ९ | सडक निर्माण तथा मर्मत वडा नं. ८ | २०७०६ | | |
| | | | | १० | स्वास्थ्य चौकी मोटरबाटो | ७९७३ | | |
| | | | | ११ | शान्ति बजार गोर्खि सडक | ३४१५९ | | |
| | | | | १२ | नाउलि पहिरो नियन्त्रण | ६२६२ | | |
| | | | | १३ | खड्का बगर हुदै सेरा सिचाई कुलो | ५४३५ | | |
| | | | | १४ | ;लायटा सिचाईकुलो | ५५०९ | | |
| | | | | १५ | राकम सेलगाउ सडक निर्माण | २२८२५ | | |
| | | | | १६ | मेहिलगाउ पारिपाताल सडक | ३६८१३ | | |
| | | | | १७ | कालिकोट धैरेनी आ का सडक | ३४१४२ | | |
| | | | | | जम्मा | ३०१०३९ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **आय ठेक्कामा मूल्य अभिवृद्धि करः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं. ३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर रु. २,७८,८५०।- असुल नगरेकोले असूल गरी उक्त राजस्व शीर्षकमा दाखिला गर्नुपर्ने रु.<br><br>क्र.सं. \| व्यवसायी \| कबोल रकम \| मूअकर<br>1 \| विराट निर्माण सेवा \| १९९५००० \| २५९३५०<br>2 \| ध्रुब निर्माण सेवा \| १५०००० \| १९५००<br> \| जम्मा \| \| २७८८५० | २७८,८५० |
| ५२ | | | **अन्य संस्था खर्च:**<br>सरकारी श्रोत तथा सम्पत्तिको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामान दिने गरी निकासा दिन नहुने व्यवस्था छ । पालिकाले निम्नानुसारको आफ्नो जिम्मेवारी तथा मातहत तथा प्रयोगमा नरहने संघसंस्था लाई अनुदान वापत दिएको रु. ५५,७६,०००।- अनियमित देखिएको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>क्र.सं. \| संस्थाको नाम \| भुक्तानी<br>१ \| शहिद भद्रा जे भि स्मृती प्रतिष्ठान \| १२७५०००<br>२ \| रेडक्रस उपशाखा भवन \| ७७५०००<br>३ \| पुष्पलाल साहाना प्रतिष्ठान भवन \| १५१८०००<br>४ \| सुर्योदय महिला विकास कृषि तथा पशुपालन सहकारी \| १२०००००<br>५ \| एकिकृत कृषि तथा पशुपालन सहकारी \| ५०८०००<br>६ \| जनउत्थान कृषि तथा पशुपालन सहकारी संस्था लिमिटेड \| ३०००००<br> \| जम्मा \| ५५७६००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **विपद् व्यवस्थापन**<br><br>• समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।<br>• कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।<br>• विपद व्यवस्थापन कोषः विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३ (१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने काम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले यस वर्षको आम्दानी रु. ५४ लाख ३ हजार र खर्च रु ३१ लाख २ हजार खर्च गरी बाँकी रु. २३ लाख १ हजार देखिन्छ ।<br>• वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ५४ | | | **कर दस्तुर एवं आन्तरिक आयः** | |
| ५४.१ | | | **राजश्व अभिलेख** : कार्यालयले राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी रसिद के कति रहेको एकिन गर्न सकिएन । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४.२</td><td></td><td></td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>व्यक्तिगत घटना दर्ता दस्तुर</td><td>२५०००००</td><td>१३४९६७.१४</td><td>५.८८</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>२२०००००</td><td>१६७६५९.४०</td><td>७.३१</td></tr>
<tr><td>नक्सा पास दस्तुर</td><td>५००००००</td><td>१९९०९१३.९४</td><td>८६.८१</td></tr>
<tr><td>जम्मा</td><td>९७०००००</td><td>२२९३५४०.४८</td><td>१००</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५४.३</td><td></td><td></td><td>राजश्व दाखिला : आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत १० वटा वडा पालिकाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैंकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५४.४</td><td></td><td></td><td>आयको अनुमानः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.९७ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. २२ लाख ९३ हजार ५ सय अर्थात अनुमानको २३.६४ प्रतिशत मात्र आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५४.५</td><td></td><td></td><td>आन्तरिक आयः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>६०२७६५०००</td><td>२२,९३,५००</td><td>०.३८०</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.३८ प्रतिशत मात्र रहेको छ । पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **योजना छनौट र कार्यान्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><br>रु १ लाख सम्म: ४३; रु १ लाख देखि २ लाखसम्म: ५९; रु २ लाखदेखि ५ लाखसम्मका: १०६; रु ५ लाख देखि १० लाख सम्म का: १६; रु १० लाख भन्दा बढीको: ३५; जम्मा: २२०<br><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. १५ हजार देखि ५० लाख सम्मका जम्मा २२० वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ४३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने र दीर्घकालिन असर समेत नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| ५७ | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५८ | | | **बार्षिक खरिद योजना/गुरुयोजनाः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २४,२७,००,६४३।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्चः**<br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ८ लाख १८ हजार भुक्तानी दिएको पाईयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्न पालिकाको ध्यान जानुपर्दछ । | |
| ६० | | | **विद्युत पोल ढुवानी:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको विद्युतको पोल पालिकाको भिविन्न ठाउँमा ढुवानी गर्दा कसै सँग सहकार्य भएको भए सोको सम्झौता अथवा हस्तान्तरण भई आएको भए सोको आम्दानी बाँधेर मात्र ढुवानी भाडा भुक्तानी गर्नु पर्नेमा सो नगरी भुक्तानी गरेको रु. ५,६७,०००।- नियम सम्मत नभएको रु.<br><br>क्र.सं. \| भौ.नं. मिति \| विवरण \| भुक्तानी<br>१ \| २४०-२०७८।१२।१५ \| विद्युत पोल ढुवानी \| २०००००<br>२ \| ४७५-२०७९।३।१६ \| विद्युत पोल ढुवानी \| २९७०००<br>३ \| २६५-२०७८।१२।२० \| विद्युत पोल ढुवानी \| ७००००<br>\| जम्मा \| \| ५६७००० | ५६७,००० |
| ६१ | | | **डकुमेन्ट्री निर्माण:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । सरकारी खर्च गर्दा उचित प्रतिफल दिने क्षेत्रमा खर्च गर्नु पर्दछ । पालिकाले डकुमेन्ट्रि निर्माण गर्न सारथी संसार मिडियासँग सम्झौता गरी रु.३,९९,९९९।– भुक्तानी गरेकोमा उत्त डकुमेन्ट्रि उदेश्य बमोजिम प्रभावकारी हुने देखिएन । सरकारी खर्च प्रभावकारी क्षेत्रमा खर्च गर्नु पर्नेमा कार्यालयको अवश्यकता नभएको क्षेत्रमा खर्च गर्ने कार्य नियन्त्रण गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **भ्याट भुक्तानी:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा मा विल भरपाईको आधारमा लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाले ले निम्नानुसारको जलविद्युत योजना निर्माणमा सामान खरिद वापत उपभोक्ता समितिलाई भुक्तानी गर्दा उपभोक्ता समितिले पेश गरेको भ्याट विल भन्दा बढी भ्याट भुक्तानी गरेको देखिएकोले सिफारीस गर्ने प्राविधिकलाई समेत जिम्मेवार बनाई असुल गर्नुपर्ने रु. | १३८,१६८ |

| क्र.सं. | योजनाको नाम | भुक्तानी गरेको भ्याट | पेश गरेको विल अनुसारको भ्याट | बढी भुक्तानी |
|---|---|---|---|---|
| १ | दुधौली खोला लघु जलविद्युत | २५१८८९ | १९९३४८ | ५२५४१ |
| २ | हिरा खोला जलविद्युत | १५२४८४ | ६६८५७ | ८५६२७ |
| | जम्मा | | | १३८१६८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६३</td><td></td><td></td><td>निर्माण सामग्रीको प्रयोगः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले विभिन्न मितिमा निर्माण कार्यमा प्रयोग हुने निम्नानुसारको निर्माण सामग्री हरु लगात अनुमान समेत नबनाई, प्राविधिकको सिफारिस समेत नलिई तथा आवश्यकता समेत पहिचान नगरी वितरण गरेको देखिएकोले सो निर्माण सामग्री कहाँ कति मात्रामा प्रयोग भए सो को पुष्टिहुने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>निर्माण सामग्रीको नाम</th><th>भुक्तानी रु.</th></tr>
<tr><td>१</td><td>२७०-२०७८।१२।२०</td><td>जस्ता पाता</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>४६१-२०७९।३।२४</td><td>पाईप</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>४४७-२०७९।३।२३</td><td>१०६६० मि पाईप</td><td>५९५५७०</td></tr>
<tr><td>४</td><td>४०२-२०७९।३।१६</td><td>पाईप</td><td>३१५२७७</td></tr>
<tr><td>५</td><td>२६६-२०७८।१२।१२</td><td>जस्ता पाता</td><td>४९८०००</td></tr>
<tr><td>६</td><td>२४४-२०७८।१२।१६</td><td>विद्युत तार</td><td>१५७०००</td></tr>
<tr><td>७</td><td>२३१-२०७८।१२।१५</td><td>जस्ता पाता</td><td>४९८०००</td></tr>
<tr><td>८</td><td>१९९-२०७८।१२।२०</td><td>८८८ किलो ग्याविन जाली</td><td>३९८०००</td></tr>
<tr><td>९</td><td>८१-२०७८।७।२२</td><td>पाईप</td><td>२९८०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>३०५९८४७</td></tr>
</table></td><td>३,०५९,८४७</td></tr>
<tr><td>६४</td><td></td><td></td><td>विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रमः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले विद्यालय भुकम्पिय सुरक्षा कार्यक्रमका लागि राष्ट्रिय माध्यमिक विद्यालयलाई रु.१५,००,०००।– भुक्तानी गरेकोमा सो को कार्य स्वीकार प्रतिवेदन पेश नगरेकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु.</td><td>१,५००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>विद्युत विस्तार:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्झौता बमोजिम सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । पालिकाले विद्युत प्राधिकरण दैलेखले पठाएको स्टिमेटको आधारमा रु.२,३१,०९५।- भुक्तानी गरेकोमा सो रकम बाट के कस्तो काम भयो सो खुल्ने गरीको कार्यसम्पन्न पेश गर्नुपर्ने देखिएको रु.</td><td>२३१,०१५</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>सोझै खरिदः<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिष्पर्धा सीमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझै खरिद गर्न सकिने रु. १० लाखभन्दा माथि रू. २० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य एक आर्थिक वर्षमा सिमाभन्दा बढिको खरिद गर्न नहुने एवं एउटा आपुर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो बर्ष विभिन्न किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरेको देखिएको छ ।
<table>
<tr><th>भौ.न.। मिति</th><th>भुक्तानी पाउने</th><th>काम तथा खरिद विवरण</th><th>भुक्तानी रू.</th></tr>
<tr><td>६५- २०७८।१२।१२</td><td>धनवन्तरी सर्जिकल्स</td><td>न्यानो झोला खरिद</td><td>३८००००</td></tr>
<tr><td>१११-२०७९।३।७</td><td>संगम स्टेशनरी</td><td>सामाग्री खरिद</td><td>३२८६८८</td></tr>
<tr><td>५७- २०७८।११।१८</td><td>संगम स्टेशनरी सेन्टर</td><td>लघु उद्यम सामाग्री खरिद</td><td>३२८४७९</td></tr>
<tr><td>१३१-२०७९।३।१६</td><td>संगम स्टेशनरी सेन्टर</td><td>मसलन्द सामाग्री खरिद</td><td>१९०९७०</td></tr>
<tr><td>१६२-२०७९।३।२४</td><td>हाइटेक जनरल अर्डर एण्ड सप्लायर्स</td><td>ल्यापटप सामाग्री खरिद</td><td>१००००००</td></tr>
<tr><td colspan="2">जम्मा रकम</td><td></td><td>११४९१६७।-</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदनः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **सार्वजनिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ६९ | | | **सफ्टवेयर खरिदः**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ । पालिकाले निम्नानुसारका सफ्टवेयर खरिद गरी रु. ६ लाख ४७ हजार खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |

| भौ नं / मिति | सफ्टवेयरको विवरण | जम्मा भुक्तानी रु | कैफियत |
|---|---|---|---|
| २७७।२०७८।१०।२५ | स्मार्ट रोड सफ्टवेयर | १५०००० | |
| ३२९।२०७८।१२।१४ | एकीकृत कर संकलन प्रणाली | ४९७००० | |
| जम्मा रु | | ६४७००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम:**<br>पालिकाले नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको लागि रु. १,२३,८४,०००।- अनुदान प्राप्त गरेकोमा निम्नानुसारको योजनामा खर्च गरेको देखिएको छ । | |

| क्र सं | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| १ | साईगाउँ तरकारी. खेति प्रर्वद्धन | १०००००० |
| २ | ठाडा लाग्नामा. नर्सरी व्यवस्थापन तथा पोलिहाउस निर्माण | ४००००० |
| ३ | डालेघाँसअम्लिसो तथा नेपियर रोपण रु २०लाख र नश्ल सुधार कार्यक्रम रु ३०ला. ख ८४ हजार | ५०८४००० |
| ४ | नानटापु तट्बन्धन ग्रावेल राकमकर्णाली रु. २० लाख र छाडा तटवन्धन भेल्तडी रु १० लाख | ३०००००० |
| ६ | जन्तडा मुहान हुदै उनिकोट सिचाइ कुलो | ५००००० |
| ७ | अम्तोला सिचाइ. पोखरी निर्माण | ३००००० |
| ८ | मुलेखोला टल्मो सिचाई कुलो निर्माण | १५००००० |
| | जम्मा | १२३८४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **स्वास्थ्य चौकि व्यवस्थापन खर्च:**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा विल भरपाईको आधारमा लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानिकरण अनुदानबाट विभिन्न स्वास्थ्य चौकी हरुलाई खर्च गर्ने शिर्षक र उद्धेश्य समेत उल्लेख नगरी अनुदानको रुपमा निम्नानुसारको भुक्तानी गरेको देखिएकोले सो को विल भरपाई सहित खर्चको औचित्य देखिने गरीको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. | ४,२६०,५९२ |

| क्रसं | भौनं / मिति | स्वास्थ्यसंस्थाको नाम | भुक्तानी |
|---|---|---|---|
| १ | ४७९-२०७९।३।२४ | सातला. स्वास्थ्यचौकी | ९६००० |
| २ | | राकमकर्णाली. स्वास्थ्यचौकी | ९६००० |
| ३ | | पिपलकोट. स्वास्थ्यचौकी | १४४००० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | | सिंहासैनि. स्वास्थ्यचौकी | २००००० | | |
| | | | | ५ | | तिलेपाटा स्वास्थ्यचौकी | ४५०००० | | |
| | | | | ६ | १०६।२०७९।३।६ | सातला. स्वास्थ्यचौकी | १४४०० | | |
| | | | | ७ | | सिँगाडास्वा. स्थ्यचौकी | १४४०० | | |
| | | | | ८ | | निमायल. आधारभूत. स्वास्थ्यसेवाकेन्द्र | ११२०० | | |
| | | | | ९ | | राकमकर्णाली स्वास्थ्यचौकी | १९२०० | | |
| | | | | १० | | पिपलकोट स्वास्थ्यचौकी | १६००० | | |
| | | | | ११ | | सिंहासैन. स्वास्थ्यचौकी | १४४०० | | |
| | | | | १२ | | ओमकाना आधारभूत स्वास्थ्यसेवाकेन्द्र | १२८०० | | |
| | | | | १३ | | तिलेपाटा स्वास्थ्यचौकी | १४४०० | | |
| | | | | १४ | | सामुदायिक स्वास्थ्य. इकाइ. छेपाडी | ६४०० | | |
| | | | | १५ | ४५९।२०७९।३।६ | सातला स्वास्थ्यचौकी | ९२६६४ | | |
| | | | | १६ | | सिगौंडी स्वास्थ्यचौकी | ९२६६४ | | |
| | | | | १७ | | निमायल. आधारभूत. स्वास्थ्यसेवाकेन्द्र | ७२०७२ | | |
| | | | | १८ | | राकमकर्णाली. स्वास्थ्यचौकी | १२३५५२ | | |
| | | | | १९ | | पिपलकोट. स्वास्थ्यचौकी | १०२९६० | | |
| | | | | २० | | सिंहासैन. स्वास्थ्यचौकी | ९२६६४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | | ओमकाना आधारभूत. स्वास्थ्यसेवाकेन्द्र | ८२३६८ | | |
| | | | | २२ | | तिलेपाटा स्वास्थ्यचौकी | ९२६६४ | | |
| | | | | २३ | | सामुदायिक स्वास्थ्य. इकाइ. छेपाडी | ४११८४ | | |
| | | | | २४ | ८३।२०७९।१।७ | सातला स्वास्थ्यचौकी | १४४००० | | |
| | | | | २५ | | सिगौंडी स्वास्थ्यचौकी | १४४००० | | |
| | | | | २६ | | निमायल आधारभूत स्वास्थ्यसेवाकेन्द्र | ११२००० | | |
| | | | | २७ | | राकमकर्णाली स्वास्थ्यचौकी | १९२००० | | |
| | | | | २८ | | पिपलकोट. स्वास्थ्यचौकी | १६०००० | | |
| | | | | २९ | | सिंहासैन स्वास्थ्यचौकी | १४४००० | | |
| | | | | ३० | | ओमकाना आधारभूत स्वास्थ्यचौकी | १२८००० | | |
| | | | | ३१ | | तिलेपाटा स्वास्थ्यचौकी | १४४००० | | |
| | | | | ३२ | | छेपाडी आधारभूत स्वास्थ्यचौकी | ६४००० | | |
| | | | | ३३ | ४००।२०७९।१।८ | सातला स्वास्थ्यचौकी | २०००० | | |
| | | | | ३४ | | सिगौंडी स्वास्थ्यचौकी | २०००० | | |
| | | | | ३५ | | राकमकर्णाली स्वास्थ्यचौकी | २०००० | | |
| | | | | ३६ | | पिपलकोट स्वास्थ्यचौकी | २०००० | | |
| | | | | ३७ | | सिंहासैनस्वा स्थ्यचौकी | २०००० | | |
| | | | | ३८ | | तिलेपाटास्वास्थ्यचौकी | २०००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ३९ | १२८।२०७९।३।१५ | सातला स्वास्थ्यचौकी | ५४००० | | |
| | | | | ४० | | सिगौंडी स्वास्थ्यचौकी | ५४००० | | |
| | | | | ४१ | | निमायल आधारभूत स्वास्थ्य सेवाकेन्द्र | ४२००० | | |
| | | | | ४२ | | राकमकर्णाली स्वास्थ्यचौकी | ७२००० | | |
| | | | | ४३ | | पिपलकोट स्वास्थ्यचौकी | ६०००० | | |
| | | | | ४४ | | सिंहासैन स्वास्थ्यचौकी | ५४००० | | |
| | | | | ४५ | | ओमकाना आधारभूत स्वास्थ्य सेवाकेन्द्र | ४८००० | | |
| | | | | ४६ | | तिलेपाटा स्वास्थ्यचौकी | ५४००० | | |
| | | | | ४७ | | सामुदायिक स्वास्थ्यइकाइ छेपाडी | २४००० | | |
| | | | | ४८ | ४०।२०७८।५।१५ | तिलेपाटा. स्वास्थ्यचौकी | ९०००० | | |
| | | | | ४९ | | सातला स्वास्थ्यचौकी | २६६०० | | |
| | | | | ५० | | सिंहासैन स्वास्थ्यचौकी | १८०००० | | |
| | | | | ५१ | | पिपलकोट स्वास्थ्यचौकी | १८०००० | | |
| | | | | ५२ | | राकमकर्णाली स्वास्थ्यचौकी | ६८००० | | |
| | | | | | जम्मा | | ४२६०५९२ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण बाट कायम बेरुजुः</td><td></td></tr>
<tr><td>७२.१</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) सरकारी खर्च लेख्नु अघि संलग्न कागजात अनुसार रित पुगे नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले गाडी भाडा खर्च लेख्दा प्रयोग गर्ने पदाधिकारी तथा प्रयोजन समेत उल्लेख नगरी निम्नानुसारको भुक्तानी गरेको देखिएकोले नियमित गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>भौ.नं. मिति</th><th>विवरण</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>४५४-२०७९।३।२३</td><td>गम्भिर कामि</td><td>२२०००</td></tr>
<tr><td>२</td><td>४१०-२०७९।३।१७</td><td>गौरब टुर्स एण्ड ट्राभल्स</td><td>१२०००</td></tr>
<tr><td>३</td><td>३८२-२०७९।३।६</td><td>दिपेन्द्रबहादुर बडुवाल</td><td>४००००</td></tr>
<tr><td>४</td><td>२९७-२०७९।१।७</td><td>प्रेम बहादुर कठायत</td><td>१७०००</td></tr>
<tr><td>५</td><td>१९५-२०७८।११।३०</td><td>बसुन्धरा कृषि सहकारी संस्था</td><td>३७०००</td></tr>
<tr><td>६</td><td>मुख्यमन्त्री रोजागार कार्यक्रम</td><td>चन्द्रविर थापा</td><td>१९८६६०</td></tr>
<tr><td>७</td><td>२४८-२०७८।१२।१७</td><td>ओम प्रकाश रेग्मी</td><td>१६४००</td></tr>
<tr><td></td><td></td><td></td><td>३४३०६०</td></tr>
</table></td><td>३४३,०६०</td></tr>
<tr><td>७२.२</td><td>५५</td><td>२०७८-१०-२५</td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाई र कागजात पुगेको वा नपुगेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्दछ । भ्रमण खर्च नियमावली २०६४ को नियम ३ को उपनियम १ मा भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरि भ्रमण गर्न हुदैन भन्ने उल्लेख छ । कोभिड १९ खोप अभियान सञ्चालन व्यवस्थापन खर्च पालिकास्तरीय समिक्षा तथा योजना र पालिका तथा स्वास्थ्य संस्था सुपरिवेक्षणको लागि गोविन्द बहादुर शाहीलाई रु. १,३०,९००।- पेश्की फर्स्यौट गरी बाँकि भुक्तानी रु. ४९,९६३।- भएकोमा भ्रमण आदेश स्वीकृत विना नै रू. ६२,६००।- बरावरको बिल पेश भएको देखिन्छ । सो रकम भ्रमण गरेको हो वा होइन यकिन गर्न नसकिएकोले असुल गर्नुपर्ने रु .</td><td>६२,६००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२.३ | ५४ | २०७८-१०-२५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात पुगे वा नपुगेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्दछ । त्यस्तै अर्थ मन्त्रालयको परिच्छेद ७ मा खर्चको मापदण्ड निर्णय र कार्यविधि तथा सोही परिच्छेदको ७.१.१५. मा खर्चको मापदण्ड सम्बन्धी स्पस्ट उल्लेख गरेको छ । जसको दफा ६ मा मसलन्दको खर्च सहभागिका लागि प्रति सहभागि नगरपालिका स्तरमा हुने सभा सम्मेलन अभिमुखिकरणजस्ता कार्यक्रममा रू. १०० खर्च गर्न सकिने भन्ने उल्लेख छ । मासिक समिक्षाको बैठक बापत गोबिन्द बहादुर शाहीलाई रू. ६६,४५०।- भुक्तानी भएकोमा १९ जना उपस्थित भएको देखिन्छ , तर बीलमा हेर्दा ३५ सेट मसलन्द सामाग्रीहरु रू. १७० का दरले भुक्तानी भएको पाइयो । यसरी नियमविपरित उपस्थित बढी जना तथा दरको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ४,०५० |
| ७२.४ | १०३ | २०७९-३-६ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात पुगेको वा नपुगेको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्दछ । गोविन्द बहादुर शाहीलाई पालिका स्तरमा टाइफाइड खोपको संचालन तथा खोप समन्वय समिति र सरोकारवालाहरुसँग अभिमुखिकरण बैठक १ दिन बसेको भनि रू. २४,२००।- बराबरको मसलन्द खर्च बापत खर्च लेखिएको देखियो, उपस्थित भएका हरुले स्टेशनरी सेट बुझेको भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | २४,२०० |
| ७२.५ | १४८ | २०७९-३-२३ | जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बील भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । बालविकास सहजीकरण र विद्यालय सहयोगीलाई पोषण सम्बन्धी तालिमबापत शिक्षा अधिकृत प्रेमराज खनाललाई रू. ५३,३९०।- भुक्तानी भएकोमा बिल र भरपाईको जोड जम्मा गर्दा रू. ४९,३७९।- हुन आउँछ । यसरी बढी भुक्तानी भएको रकम सम्बन्धित व्यक्तिबाट असुल गरी दाखिला गर्नुपर्ने रु. | ४,०११ |
| ७३ | | | **आन्तरिक लेखापरीक्षण बाट कायम बेरुजु** | |
| ७३.१ | २८ | २०७८-५-१ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्ट्याइ गर्ने बील, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । मासिक मिटिङ, बैठक तथा सूचना संकलन बापत गोबिन्द बहादुर शाहीलाई रू. १,३१,८२०।- भुक्तानी भएकोमा निवेदकको निवेदनमा रु. ६६,०००।- पेश्की फछ्यौट गरी भुक्तानी दिने भनिएकोमा कार्यालयले पेश्की फर्स्यौट नगरी सबै भुक्तानी दिएको पाइयो । यसरी पेश्की फर्स्यौट गर्नुपर्ने रकम असुल गरी दाखिला गर्नुपर्ने रु. | ६६,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३.२ | १६३ | २०७९-३-२४ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले सम्पति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । यो विषयमा कार्यालय प्रमुख वा कार्यालय प्रमुखले तोकेको भण्डार शाखा प्रमुख जिम्मेवार रहनुपर्छ । नाक कान र घाँटी सम्बन्धी औषधी उपकरण खरिद बिल भुक्तानी बापत विशाल साइन्स एण्ड सर्जिकल्स सप्लायर्सलाई रू. ६९,०००।- भुक्तानी भएकोमा जिन्सी किताबमा नचढाएको साथै सामाग्री खरिद गरि वितरण गरिएको भरपाई वा हस्तान्तरण फाराम पेश हुनुपर्ने रु. | ६९,००० |
| ७४ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br>रकम रु हजारमा | |
| ७५ | | | अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ३२१४७६ | ० | ३२१४७६ |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३२१४७६ | ० | १४९१०३ | ० | ४७०५७९ |


https://nams.oag.gov.np